म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय ‘क’ वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- १०१ २०८१ फागुन १६ गते शुक्रबार 28 February 2025, Friday - पृष्ठ ४ मूल्य रु. ५/-




# दिनहुँ लागूऔषध बरामद हुँदै



*बरामद भएको लागूऔषध र पक्राउ परेकालाई बिहीबार सार्वजनिक गर्दै मकवानपुर प्रहरी ।*

समाज संवाददाता

हेटौंडा : मकवानपुर प्रहरीले दिनहुँजसो लागूऔषध र लागूऔषध तस्करलाई पक्राउ गरिरहेको छ। फागुन महिनाको पहिलो दुई सातामा मात्रै लागूऔषधसहित १३ जनालाई मकवानपुर प्रहरीले पक्राउ गरेको छ। बिहीबार जिल्ला प्रहरी कार्यालय मकवानपुरले छुट्टाछुट्टै दुई स्थानबाट लागूऔषध गाँजा र अफिमसहित २ जनालाई पक्राउ गरेको विवरण सार्वजनिक गरेको छ।

बुधबार बिहान १० बजेर ३० मिनेटको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-३, लेवटबाट प्रहरीले ११ किलो ४२० ग्राम लागूऔषध गाँजासहित मनहरी गाउँपालिका-३, हाँडीखोलाका ४४ वर्षीय दीपक ओझालाई पक्राउ गरेको छ। प्रहरी चौकी बसामाडी लेवट अगाडि सवारी साधन रोकी सुरक्षाजाँच गर्ने क्रममा चितवनबाट हेटौंडातर्फ आउँदै गरेको बा ४ ख ३९३५ नम्बरको यात्रुबाहक बसमा सवार ओझाको साथबाट प्रहरीले लागूऔषध गाँजा बरामद गरेको जनाएको छ।

यस्तै गत शनिबार बिहान ५ बजेर ३० मिनेटेको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत मनहरी-६ नयाँवस्तीमा सडकछेउ रोकिराखेको बा ७ च ७०१८ नम्बरको सुमोबाट प्रहरीले लागूऔषध गाँजा ३१ किलो ५६० ग्राम, अफिम ६ किलो १६० ग्राम र गाँजाको धुलो १२७ किलो ९४० ग्राम फेला पारेको थियो। प्रहरीले सुमो चालक सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे नगरपालिका-९ घर भई हाल काठमाडौं-१३, पेप्सीकोला बस्ने ३८ वर्षीय लालबहादुर तामाङलाई काठमाडौंको गोकर्णेश्वर नगरपालिका-४, जोरपाटीबाट मंगलबार साँझ ५ बजेर ३० मिनेटको समयमा पक्राउ गरेको जनाएको छ।

लागूऔषध कारोबारमा संलग्नलाई कारवाही गर्ने क्रममा प्रहरीको सक्रियता तीव्र देखिएको छ। प्रहरीले दुबै घटनामा संलग्नलाई जिल्ला अदालत मकवानपुरबाट म्याद अनुमति लिई आवश्यक अनुसन्धान गरिरहेको जनाएको छ।

### स्वकीय सचिवको मृत्यु प्रकरण

# मन्त्री श्रेष्ठको राजीनामा माग

समाज संवाददाता

हेटौंडा : बागती प्रदेशका सहकारी तथा गरिबी निवारण मन्त्रीका स्वकीय सचिवको मृत्युको विषयलाई लिएर प्रदेशमा प्रतिपक्षमा रहेका तीन दलले मन्त्रीको राजीनामा मागेका छन् । प्रदेशसभाको प्रमुख प्रतिपक्षी दल माओवादी केन्द्र तथा प्रतिपक्षी दलहरु राष्ट्रिय प्रजातन्त्र पार्टी र एकीकृत समाजवादीले विज्ञप्ति मार्फत घटनाको निष्पक्ष छानविनका लागि सहकारी तथा गरिबी निवारण मन्त्री मदु कुमार श्रेष्ठले राजीनामा दिनुपर्ने माग गरेका हुन् ।

मन्त्री श्रेष्ठका स्वकीय सचिव, धादिङ जिल्लाको धुनिवेशी नगरपालिका-९ का रवि थापाले १३ फागुनमा काठमाडौंको कलंकीस्थित साथीको घरमा मृत फेला परेका थिए । उनले आत्महत्या गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । स्वकीय सचिव थापाले आत्महत्या गर्नुअघि लेखेको सुसाइड नोट र सहकारी सम्बन्धी सार्वजनिक भएको अडियोमा मन्त्री श्रेष्ठको नाम आएको र स्वकीय थापाको आत्महत्या वाध्यात्मक परिस्थितिमा भएको देखिएकोले मन्त्री श्रेष्ठले राजीनामा दिएर छानविनमा सघाउनुपर्ने उनीहरुको माग छ ।

तीन दलका सचेतकहरुले हस्ताक्षर गरेको विज्ञप्तिमा स्वकीय सचिव थापाको मृत्यु बाध्यात्मक देखिएकाले निष्पक्ष छानविनका लागि माग गर्दै मन्त्रीको राजीनामा माग गरेको उल्लेख गरिएको छ । ‘स्वकीय सचिवको मृत्युपछि बाहिरिएको अडियो र सुसाइड नोटमा सहकारी मन्त्री लगायत अन्य नेताहरुको समेत नाम सुनिएको छ । बाध्यात्मक परिस्थितिमा आत्महत्या भएको भन्ने आशयका समाचारहरु पनि आएका छन् । यसकारण मन्त्री ज्यूले राजीनामा दिएर छानविनमा मार्ग प्रसस्त गर्नुपर्छ ।’ विज्ञप्तिमा उल्लेख गरिएको छ ।

घटनाको विषयमा गम्भिरतापूर्वक विचार गर्न माग गर्दै प्रतिपक्षी दलहरुले घटनाको प्रदेशस्तरमै छानविन गर्न संसदीय छानविन समिति समेत बनाउन माग गरेका छन् । यसैगरी उनीहरुले प्रदेश सभाको बैठक अविलम्व आव्हान गर्न पनि भनेका छन् । ‘प्रदेशसभाको बैठक अविलम्व सञ्चालन गरी स्वकीय सचिव थापाको मृत्युको छानविन गर्न सर्वदलीय संसदीय छानविन समिति निर्माण गर्न माग गर्दछौ,’ उनीहरुले भनेका छन् ।

# मकवानपुरकी पहिलो महिला प्रजिअ श्रेष्ठले जिम्मेवारी सम्हालिन्



*बिहीबार मकवानपुरको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी सम्हाल्नु हुँदै स्कीम श्रेष्ठ ।*

समाज संवाददाता

हेटौंडा : मकवानपुर जिल्लाको पहिलो महिला प्रमुख जिल्ला अधिकारी (प्रजिअ) को रुपमा स्कीम श्रेष्ठले बिहीबारदेखि जिम्मेवारी सम्हाल्नुभएको छ। यसअघिका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवाल सरुवा भएर फागुन १ गते नै जानुभएपछि दुई सातादेखि मकवानपुरमा प्रमुख जिल्ला अधिकारीको पद रिक्त थियो ।

बुधबार नै हेटौंडा आइपुग्नुभएकी श्रेष्ठले बिहीबारदेखि प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी सम्हाल्नुभएको हो । हेटौंडा-१६, हटिया माइती भएकी श्रेष्ठ यसअघि नवलपरासी जिल्लाको प्रमुख जिल्ला अधिकारी हुनुहुन्थ्यो । हेटौंडा-१६ स्थित जनप्रिय माध्यमिक विद्यालयबाट एसएलसी उत्तीर्ण गर्नुभएकी श्रेष्ठले कक्षा ११ र १२ सँगै मानविकी संकायमा स्नातक तहको शिक्षा हेटौंडा-४ स्थित हेटौंडा स्कूल अफ म्यानेजमेन्टबाट हासिल गर्नुभएको हो । स्नात्तकोत्तर तहको शिक्षा भने त्रिवि केन्द्रीय क्याम्पस कीर्तिपुरबाट हासिल गर्नुभएको हो ।

यस्तै सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्रप्रसाद कँडेल पनि गत सोमबार मात्रै हाजिर हुनुभएको हो । यसअघिका सहायक प्रमुख जिल्ला अधिकारी धोलकराज ढकाल सहसचिवमा बढुवा भएर मन्त्रालय पदस्थापित हुनुभएको थियो । यसैबीच बिहीबार नै कर्मचारी मिलन केन्द्र मकवानपुरले प्रमुख जिल्ला अधिकारी श्रेष्ठ र सहायक प्रमुख जिल्ला अधिकारी राजेन्द्रप्रसाद कँडेललाई स्वागत गरेको छ ।

# मोटरसाइकलको ठक्करबाट वृद्धको मृत्यु

समाज संवाददाता

हेटौंडा : मोटरसाइकलको ठक्करबाट हेटौंडा-६, विजयपथमा एक वृद्धको मृत्यु भएको छ। बुधबार साँझ साढे ६ बजेको समयमा हेटौंडा-६, विजयपथमा रामनगरबाट हात्तिलेटतर्फ जाँदै गरेको ना ५४ प १८७६ नम्बरको मोटरसाइकलको ठक्करबाट पैदलयात्री हेटौंडा-६ रामनगरका ६१ वर्षीय कमल बहादुर बोहोराको मृत्यु भएको हो ।

मोटरसाइकलको ठक्करबाट घाइते भएका बोहोरालाई उपचारका लागि हेटौंडा अस्पताल लगिएको थियो । हेटौंडा अस्पतालमा उपचार सम्भव नभएपछि चितवन रेफर गरिएको थियो। चितवनस्थित चितवन मेडिकल कलेजमा उपचारको क्रममा बोहोराको बिहीबार बिहान २ बजेर २७ मिनेटको समयमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । मोटरसाइकल चालक हेटौंडा-६, हात्तिलेटका ४२ वर्षीय बिदुर सापकोटा बिहीबार बिहान साढे ११ बजे प्रहरीको सम्पर्कमा आएका छन् । उनलाई हिरासतमै राखेर प्रहरीले आवश्यक कारवाही अगाडि बढाएको छ ।

### प्रदेशस्तरीय प्रधानमन्त्री कप क्रिकेट

# दोस्रो जीतसँगै मकवानपुर सेमीफाइनलमा




*बिहीबारको खेलमा म्यान अफ द म्याचको ट्रफी ग्रहण गर्दै रिजन ढकाल ।*

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेश क्रिकेट संघको आयोजनामा जारी बागमती प्रदेशस्तरीय प्रधानमन्त्री कप क्रिकेट छनोट प्रतियोगितामा मकवानपुर जिल्ला क्रिकेट संघ सेमीफाइनलमा प्रवेश गरेको छ । चितवनस्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा भएको समूह चरणको दोस्रो खेलमा जीत निकाल्दै मकवानपुरले सेमीफाइनलको यात्रा पूरा गरेको हो । बिहीबारको खेलमा मकवानपुरले नुवाकोट जिल्ला क्रिकेट संघको टिमलाई १ सय ४८ रनले पराजित गरेको छ ।

टस हारेर पहिले व्याटिङ्ग गरेको मकवानपुरले निर्धारित ५० ओभरमा ७ विकेटको क्षतिमा २ सय ११ रन बनाउन सफल भएको थियो। मकवानपुरबाट तक्षक सिम्खडाले सर्वाधिक ४४ रन बनाए । मकवानपुरका गौरव खड्काले ४० रन, टिम कप्तान सुमन सुनारले ३७ रन, विशाल फूयालले २१ रन र शुभ कंशाकार ले १२ रन जोडेका थिए ।

नुवाकोटका लागि अभिराज यादव, दिपेश कुमाल र अजय विश्वकर्माले समान २/२ विकेट लिएका थिए । यस्तै गणेश गौतमले १ विकेट मात्र लिएका थिए । जवाफी व्याटिङ्गमा उत्रिएको नुवाकोटले १५ ओभरमा ६३ रन बनाउँदै सबै विकेट गुमाउन पुग्यो । नुवाकोटबाट अभियान बसनेतले नटआउट १७ रन बनाएका थिए भने राजेश रिमालले १४ रन बनाएका थिए ।

मकवानपुरका रिजन ढकालले सर्वाधिक ४ विकेट लिएका थिए । यस्तै, अशिम श्रेष्ठ र पिउश शर्माले समान २/२ विकेट लिएका थिए । म्यान अफ द म्याच रिजन ढकाल घोषित भएका छन् । पहिलो खेलमा पनि रिजन नै म्यान अफ द म्याच भएका थिए ।

सामुदायिक रेडियो,
रेडियो निकास ९३.४
मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न,
लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं।

हेटौंडा आईडल

शिवम् सिमेन्ट
असली OPC सिमेन्ट
SINCE 2003
स्ट्रेञ्ज पार्टनरः शिवम् सिमेन्ट
“Quality सँगै समयमै Delivery
को मामलामा पनि No Compromise”
शोभायात्राः
मितिः२०८१ फागुन ६ गते
समयः बिहान १०:३० बजे

CONSTRUCTION EXPO-2
दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१
फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म
स्थान : हेटौंडा-१०, टिसिएन चौर ।
आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्कः ०५७-५२०८१६

महोत्सवका आकर्षणहरू
- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रविधिको प्रदर्शनी ।

# सम्पादकीय

## मूल्यांकनविहीन कार्यसम्पादन करार

बागमती प्रदेश सरकारका मुख्यमन्त्रीले मन्त्रीहरुसँग कार्यसम्पादन करार (सम्झौता) गरेको भए पनि त्यसको मूल्यांकन भएको छैन । गत साउन ९ गते सरकारको नेतृत्व लिएका मुख्यमन्त्रीले ७ महिनाभित्र मन्त्रीहरुले कार्यसम्पादन सम्झौताअनुसार के कति काम गरे भन्ने मूल्यांकन हुन नसकेको हो । कुनै शर्त तथा मापदण्डबिना हावादारी रुपमा गरिएको सम्झौताले कार्यसम्पादनको स्तर मापन गर्न नसक्नु स्वभाविक हो । सामान्यरुपमा हेर्दा बागमती प्रदेश सरकारको कार्यसम्पादनको अवस्था कमजोर नै देखिएको छ । सम्पादन गर्नुपर्ने काम, कार्ययोजना, समयसीमा, प्रक्रिया तथा कानुनी विषयहरुमा मन्त्रीहरुसँग सम्झौता गरिएको थियो । मन्त्रीहरुको मूल्यांकन गर्नेगरी कार्यसम्पादन सम्झौता गरिए पनि कुनै औपचारिक मूल्यांकन गरिएको छैन । कार्यसम्पादन सम्झौताको मूल्यांकन नहुँदा प्रदेश सरकार र मन्त्रालयहरुको कामको स्तर स्वयम् मुख्यमन्त्रीले समेत थाहा पाउन सकेका छैनन् ।

१४ मन्त्रीसहितको जम्बो मन्त्रिमण्डल बनाएका मुख्यमन्त्री स्वयम् मन्त्रीको कार्यसम्पादनप्रति सन्तुष्ट छैनन् । विकास योजना र परियोजनाहरुमा ढिलाइ हुनु, स्रोतको उचित सदुपयोग नहुनु र परियोजनाको प्रगति सुस्त हुनुले सरकारका मन्त्रीहरुको भूमिका कमजोर देखिएको छ । प्रदेशका ठूला परियोजनाहरुमा समय र बजेट व्यवस्थापनमा कठिनाइ भइरहेको छ । प्रदेश सरकारको राजस्व संकलन अपेक्षित हुन सकेको छैन । वित्तीय व्यवस्थापन गरेर समयमै योजना कार्यान्वयनमा ल्याउन नसकेको बागमती प्रदेश सरकारप्रति आम नागरिकको असन्तुष्टि उस्तै छ । मुख्यमन्त्रीले सेवा प्रवाह, कार्यक्रम कार्यान्वयन, नीति निर्माण, प्रशासनिक दक्षता र गुणस्तरीयता, सूचना प्रणाली तथा निर्णायक भूमिकाका आधारमा आफ्ना मन्त्रीको सामान्य मूल्यांकन गरेको भने पनि सबैजसो मन्त्री मूल्यांकनमा कमजोर देखिएका छन् ।

मुख्यमन्त्रीको मूल्यांकनमा प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्रालय र भौतिक पूर्वाधार विकास मन्त्रालयबाहेक अन्य मन्त्रालयको कार्यसम्पादन सन्तोषजनक छैन । आन्तरिक मामिला मन्त्रालयले क्याबिनेटका विषय, निर्णायक भूमिका, सेवा प्रवाह र गुणस्तरीयता, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा उत्कृष्ट भूमिका निर्वाह गरेको बताइएको छ । भौतिक पूर्वाधार विकास मन्त्रालयले कम समयमै कार्य सम्पादनमा फड्को मारेको भनिएको छ । प्रदेशको एक तिहाई बजेट परिचालन गर्दै आएको उक्त मन्त्रालयले स्रोलाई राखिएको छ । प्रदेश सरकारको कुल बजेटको ३० प्रतिशतभन्दा बढी बजेट होल्ड गरेको उक्त मन्त्रालयले स्रोतको अभाव हुँदासमेत विपद् प्रभावित क्षेत्रका सडक सञ्जाल खुलाउन महत्वपूर्ण भूमिका निर्वाह गरेको मुख्यमन्त्रीको सचिवालयको भनाइ छ । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले कार्यसम्पादन नतिजामुखी बनाउन र युवा तथा खेलकुद मन्त्रालयले खेल क्षेत्रको विकाससँगै पूर्वाधार निर्माण तथा खेलाडी प्रोत्साहन र युवा स्वरोजगारमा भूमिका देखाउँदै आएको मुख्यमन्त्रीको मूल्यांकन छ । सामाजिक विकास मन्त्रालय नियमित कार्यक्रम तथा नीति निर्माणमा सक्रिय रहेको, उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालय, खानेपानी ऊर्जा तथा सिँचाइ मन्त्रालयको कार्यसम्पादन सन्तोषजनक रहेको र कृषि तथा पशुपन्छी विकास मन्त्रालय, वन तथा वातावरण मन्त्रालय, संस्कृति तथा पर्यटन मन्त्रालय र श्रम रोजगार तथा यातायात मन्त्रालयको कार्यसम्पादन कमजोर रहेको बताइएको छ ।

कार्यसम्पादन करारका आधारमा आवधिकरुपमा मन्त्रीहरुको मूल्यांकन तयारी भइरहेको भने पनि वस्तुनिष्ठ र पारदर्शी मूल्यांकन हुनेमा विश्वस्त हुन सकिँदैन । मूल्यांकनमा कमजोर भएमा मन्त्री वा मन्त्रालयले त्यसको जवाफदेहिता कसरी बहन गर्नुपर्ने स्पष्ट छैन । कार्यसम्पादन सम्झौता गरेको ६ महिनाभन्दा बढी भइसक्दा पनि प्रदेश सरकार कुन तरिकाबाट कार्यसम्पादन मूल्यांकन गर्ने भनेर छलफलमै सिमित बनिरहेको छ । मन्त्रीहरुको मूल्यांकन सेवा प्रवाह, नीति निर्माण, योजना कार्यान्वयन, संविधान र संघीयताका सवालको बहसलगायतका विषयमा आधारित रहेर हुने भनिए पनि स्पष्ट मानक र सूचकहरु तयार भएका छैनन् ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| मेष | : बोलीले काममा पूर्णता प्राप्त हुने समय छ । |
| वृष | : पारिवारीक इच्छा विपरीत काम नगर्दा राम्रो । |
| मिथुन | : सहयोगीहरुले साथ दिने समय योग छ । |
| कर्कट | : मान–सम्मान बढ्ने समय योग रहेको छ । |
| सिंह | : मानसिक रिस, राग र संवेग बढ्ने समय छ । |
| कन्या | : भावनालाई नियन्त्रणमा राखी काम गर्दा राम्रैं । |
| तुला | : कर्मचारीहरुको बढुवा हुने र पुरस्कार प्राप्त होला । |
| वृश्चिक | : सेवा सुश्रामा समय व्यतित होला । |
| धनु | : धार्मिक र दार्शनिक विषयमा मन जाला । |
| मकर | : लगानी र दौडधूपमा समय व्यतित होला । |
| कुम्भ | : विगतका रमाइलो पलहरुको याद आउने छ । |
| मीन | : साझेदारी कामबाट त्यति लाभ प्राप्त हुन नसक्ला । |

# सेवानिवृत्त जनशक्तिको व्यवस्थित उपयोग र समृद्धि



रमेश प्रसाद लामिछाने

१. हुन त काम पाएको भए र रोजगारीको अवसर हुँदो हो त जीविकोपार्जनकै लागि बिदेशिनु पर्ने थिएन । कुनै पनि व्यक्ति रहरले होइन, बाध्यता भएर नै मरुभूमिमा उँट चराउन जानु परेको हो । ५० डिग्रीको उष्णता खपेर चिन्नु न जान्नु परदेशीको काम गर्न जाने स्थिति मार्मिक र हृदयविदारक भन्नैपर्छ । खाडी बाहेक अन्य मुलुकमा जानेलाई पनि कसैले डलरको माला लिएर स्वागत गर्ने चाहीँ होईन । आफ्नो देशमा न रोजगारीको अवसर छ न सीपमूलक तथा व्यावसायिक शिक्षाले प्रश्रय पाएको छ । छ भने मात्र, भ्रष्टता र दूराचार छ । कर तिर्न त घूस दिनुपर्ने मुलुकमा जीवन निर्वाह नै पीडादायी बनेको छ । मुठ्ठीभरलाई त हिजो पनि मस्ति नै थियो आज झनै मज्जा भएको छ । दक्ष युवा जनशक्तिलाई काम दिन नसकेकै कारणले दिनदिनै बिदेश पलायन हुनेको संख्या बढिरहेको छ । योग्यता र क्षमताले यहाँ अवसर पाउने अवस्था बिरलै भेटिन्छ । रोजगारीको प्रकृति हेरेर घूस तोकिएको हुन्छ, जुन रकम बुझाएर त बिदेशिनु नै राम्रो भन्नेहरु धेरै भेटिएका छन् । बिचौलियाहरुको जगजगीले सामान्य नागरिक प्रताडित बनेको तथ्य जगजाहेर छ । अत्यन्त चिप्ला र जादुमयी नारा र भाषणले वातावरण थप निराशाजनक र ईरिटेड बनेको पाईन्छ ।

२. यहाँ काम गर्न अल्छी मान्ने, लाज लाग्ने अनि बिदेशमा गएर भाँडा माझ्ने, भेडा चराउने, तरकारी खेती गर्ने, गाई पाल्ने, भवन बनाउने, सडक पुल बनाउने, गार्डिङ गर्ने, ड्राईभिङ गर्ने, कारखानामा मजदूरी गर्ने, अधिकांशको स्थिति यहि हो । त्यहि काम आफ्नो भूमीमा गरेर यहिँ बसे आफ्नो जीविका पनि चल्ने देश पनि समृद्ध हुने र परिवार तथा आफन्तजनबाट टाढिनु पनि नपर्ने, कुरो किन नबुझेको भनेर प्रश्न गर्नेहरुको संख्या पनि कम छैन । ऋण लिएर पशुपालन गर्‍यो दूध सडकमा पोख्नु पर्ने, बल्लतल्ल दुध बेच्यो छ महिना बित्दा पनि पैसा पाईंदैन । लगानी गरी मिहिनेत गरेर तरकारी उब्जायो, बिक्री हुँदैन, तरकारीसहित खेतबारीमा ट्र्याक्टर लगाएर जोत्न पर्दाको स्थिति अनि टमाटर लगेर सडकमा फाल्ने अवस्था कति पीडादायी छ भनेर भन्नेहरु पनि कम छैनन् । जुम्लाको स्याउ नबिकेर तमाशा बन्दै गर्दा बिदेशबाट आयातित स्याउले बजारमा पकड कायमै गरिरहेको हुन्छ । बिदेशबाट फर्केर केहि सीप सिकेर यहीँ नै कुनै पेशा व्यवसाय गरेर बसौं न भन्दा हालत झनै सकसपूर्ण बन्दा कसैले सहयोग गर्दैन भन्नेहरु पनि कम छैनन् । सरकारी नीति र बैंकहरुको व्यवहारले त कतिपयलाई आत्महत्या गर्न बाध्य बनाएको धेरैलाई थाहा छ । बाढीले भत्काएको घर र बगाएको घरबारीको स्थानमा बगर हेरेर कसरी बाँच्ने भन्दा जवाफ दिन सकिने स्थिति छैन । सामान्य नागरिकले आफू बाँचेर नेपालमा बास व्यवस्थापन गर्न त झनै जटिल छ नै । अझ शिक्षा र स्वास्थ्यको खर्च कहालीलाग्दो देखिन्छ ।

३. निश्चय नै दक्ष र देशले खोजेको जस्तो नभए तापनि हामीसँग सीप र जनशक्तिको अभाव नै भन्नु पर्ने बेला भने होईन । सरकारी सेवाबाट अवकाश पाएका कैयौं जनशक्ति बिदेशमा आआफ्नो सीप र क्षमता अनुसार काममै निरन्तर छन् । राज्यको लगानी भएका त्यस्ता व्यक्तिहरुको पहिचान गरी उपयुक्त काममा लगाउँदा हरेक कोणबाट देशलाई फाईदा पुग्छ नै । ईन्जिनियरहरु, डाक्टरहरु, सरकारी सेवाका उच्च पदस्थ कर्मचारीहरु, शिक्षकहरु, प्राध्यापकहरु, कृषि तथा वनका विज्ञहरु जस्ता दक्ष र क्षमतावान व्यक्तिहरु जो क्रियाशील बन्नेहरुलाई सरकारले उपयोग गर्न सकेमा राष्ट्रलाई फाइदा पुग्दछ भन्दा बिमती नहोला । कतिपय शारीरिक रुपले अशक्त र असहज रहेकालाई छाडेर उर्जावानहरुलाई उनीहरुको विषयगत क्षमताका आधारमा कामको जिम्मेवारी दिने कामले मुलुकको समृद्धिमा उल्लेख्य योगदान पुगेको उदाहरण त जापान, अष्ट्रेलिया, अमेरिका, बेलायत, चीन, आदि राष्ट्रहरुबाट हामीले पनि सिक्न चाहेमा सकिन्छ । यस्ता सरकारी क्षेत्रबाट अवकाश प्राप्त व्यक्तिहरुलाई राज्यले उपयोग गर्ने सवालमा भिन्न कानून बनाएर कार्यान्वयन गर्ने सवालमा आवश्यक बहस विश्लेषण जरुरी भइसकेको छ । प्रहरी र सेनामा पेन्सन हुने बित्तिकै जागिर छाडेर कि बिदेशमा जाने कि भने यहिँ नै गैरसरकारी सेवामा प्रवेश गर्ने चलन त पुरानै हो । सरकारी तथा अर्धसरकारी क्षेत्रमा यी प्रकृतिका जनशक्तिको उपयोग गर्दा राज्यको लगानी स्वभाविक घट्न सक्दछ ।

४. नेपालमा उच्च पदस्थ कर्मचारीहरु मुख्य सचिव, न्यायाधीशहरु, सचिवहरु, सहसचिवहरु, उपसचिवहरु, अधिकृतहरु मध्ये विभिन्न भागबण्डाका कोणबाट कतिपय राजदूतहरु, संवैधानिक आयोगका पदाधिकारीहरु र राजनीतिक नियुक्तिका पदहरुमा नियुक्ति पाएको पाईन्छ । यस्ता नियुक्तिहरुमा शिक्षक तथा प्राध्यापकहरुको भने अत्यन्त झिनो उपस्थिति मात्र छ । शिक्षकहरुको संख्या कम भएको भन्दै विज्ञापन भैरहँदा अवकाश प्राप्त ठूलो संख्यालाई उपयोगमा ल्याउँदा बढि उपयुक्त हुन सक्छ । बहालवाला शिक्षकलाई काजमा श्रोत शिक्षक बनाएर पठाउनु भन्दा अवकाश प्राप्तलाई उपयोग गर्दा फाईदा हुने कुरा हाम्रा स्थानीय तहले बुझेर पनि बेवास्ता गरेको देखिन्छ । तालिमका सवालमा, अनुगमनका काममा अवकाश प्राप्त शिक्षक, कर्मचारी समेतलाई खटाउँदा राम्रो हुन्छ । हप्तामा एक वा दुई कक्षा लिएर अन्यत्र व्यस्त रहेका त्रिविविका प्राध्यापकहरुलाई सामुदायिक कलेजमा पायक पर्ने गरी पठाउने हो भने विश्वविद्यालयस्तरको शिक्षामा गुणात्मक फड्को हुनेमा शंका छैन । सरकारी अस्पतालबाट अवकाश प्राप्त डाक्टरहरुलाई पुन करारमा पहिलेकै ठाउँमा निरन्तरता दिने हो भने सेवा प्रभावकारी बन्दछ । त्यस्तै वित्तीय सेवाका कर्मचारीहरुलाई बैंक तथा सहकारीहरुमा सेवा निरन्तरता दिन सकिन्छ । यसो गर्दा त्यस्ता कर्मचारीले पेन्सन त पाइरहेका छन् नै, त्यस्मा अवकाश प्राप्तहरुलाई भने कम पारिश्रमिक थपेर पहिलेको बराबर बनाउँदा न्यायोचित हुन्छ ।

५. विद्यमान जनशक्तिको व्यवस्थापन सरकारी चुनौति हो भन्नै पर्दछ । नयाँ जनशक्ति प्रवेशका सवालमा थप गम्भीर बहस गरिनु पर्दछ । यी सबै विश्लेषण गरिरहँदा मुलुकको आर्थिक अवस्थाको समेत स्वस्थता हाम्रो प्रमुख मुद्दा हो । नीति निमार्णका सवालमा, योजना तर्जुमा गर्दा, सल्लाह सुझावका काममा र कतिपय काम गरेर देखाउने स्थितिमा समेत देशका अवकाशित कर्मचारीहरु पर्याप्त उपयोग देशले खोजिरहेको छ । विकसित मुलुकहरुबाट सिक्नैपर्ने यो एक उदाहरण बन्न सक्दछ । जसरी हामीले लगाएको खेती बालीबाट अधिकतम उत्पादन लिने काम हुन्छ त्यसै गरी राज्यले लगानी गरेका कर्मचारी वर्गबाट पनि अधिकतम फाईदा लिनै पर्दछ । काममा लगाउने वातावरण त सरकारले श्रृजना गर्ने हो । हाम्रा तीनै तहका सरकारहरु यस्ता कुराहरुबाट अनभिज्ञ भने छैनन् । छात्रवृत्तिमा अध्ययन गर्ने विद्यार्थीहरुसँग सेवा-करार गरे जस्तै नवप्रवेशी शिक्षक, कर्मचारी, प्राध्यापक, सेना, प्रहरी, प्राविधिक सबैलाई शर्त गराउन पनि त सकिन्छ ।

६. अन्तमा, यो आलेख जनशक्ति व्यवस्थापनका सवाल एक गम्भीर बहस बनोस भन्नेमा केन्द्रित छ । जनशक्ति व्यवस्थापन भित्र ठीक मान्छे ठीक ठाउँमा भन्ने नीति पर्दछ । आज सरकारी कार्यालयहरुसँगै शिक्षण संस्थाहरु अनि संगठित सरकारी संस्थाहरुको पहिलो समस्या नै जनशक्तिको व्यवस्थापन हो भन्दा अतिशयोक्ति नहोला । असल अभ्यासहरु र राम्रा उदाहरणहरु जहाँबाट पनि सिक्न सकिन्छ । हालको अवस्थामा परिवर्तन नगर्ने हो भने केहि वर्ष पछि राज्यले पेन्सनको आर्थिक भार बहन गर्न जटिल बन्ने स्थिति टड्कारो छ । एकातर्फ सरकारी सेवाका कर्मचारी तथा शिक्षकलाई पर्याप्त पारिश्रमिक दिन नसकेर सरकार आलोच्य बन्दै जाँदा जनशक्ति व्यवस्थापनले ठूलै रुप लिन सक्दछ ।

*(लामिछाने सेवानिवृत्त शिक्षक हुनुहुन्छ ।)*

# रबि, पपुलिजम र देशको भविष्य



सन्तोष पौडेल

भर्खरै भारतको केन्द्रीय राजधानी दिल्लीको विधानसभा निर्वाचनको नतिजा आएको छ । यो नतिजासँगै २७ वर्षपछि दिल्लीमा भारतीय जनता पार्टी (बिजेपी) ले सत्ताको नेतृत्व गर्दैछ । भ्रष्ट्राचारको अन्त्य र सुशासनको नारा दिएर स्थापित आम आदमी पार्टी प्रतिपक्षमा पुगेको छ । पार्टीका प्रमुख अरविन्द केजरीवाल नै निर्वाचनमा पराजित भएका छन् । मुख्यगरी आफ्नै कमजोरी र केहि मोदी सत्ताको दुरुपयोगको सन्दर्भमा नतिजालाई लिन सकिए पनि पपुलिष्टहरुको कसरी राजनीतिमा पदार्पण हुन्छ र कसरी पतन हुन्छ भन्ने बुझ्न महत्वपूर्ण केस स्टडीकोरुपमा यो परिघटनालाई लिन सकिन्छ ।

नेपालको सन्दर्भमा २०७९ को स्थानीय निर्वाचनमा काठमाडौंबाट बालेन शाह, धरानमा हर्क साम्पाङ, धनगढीमा गोपाल हमाल स्वतन्त्रबाट मेयरमा निर्वाचित भए । स्थानीय निर्वाचनमा स्वतन्त्रहरुले प्राप्त गरेको विजयमा हौसिएका रवि लामिछानेले राष्ट्रिय स्वतन्त्र पार्टी नै स्थापना गरे । संसारभर 'पपुलिष्ट लहर' चलिरहेको बेला नेपाल अछुतो रहेन । रोजगारीका लागि दैनिक सयौं युवा विदेशिएका, सार्वजनिक सेवा प्रवाहमा हुने ढिलासुस्ती, भ्रष्ट्राचार, नातावाद, कृपावाद, व्यावसायिक वातावरण नहुनु, गुणस्तरीय शिक्षा र यि सबै विषयलाई व्यवस्थित गर्नुपर्ने मुल मुद्दा छाडेर सत्ताको लुछाचुँडीमा अल्झिएका नेतालाई देखेर उकुसमुकुस भएको नेपाली समाजलाई संचारकर्मीकोरुपमा राम्ररी बुझेका थिए । त्यसैले उनले राजनीतिमा बल्छी थाप्ने निर्णय गरे । पार्टी खोले । २०७९ को प्रतिनिधि सभा निर्वाचनमा अप्रत्याशित नतिजा हासिल गरे । प्रत्यक्ष र समानुपातिक गरी २१ सिट जितेर प्रतिनिधि सभाको चौथो ठूलो दल भएको रास्वपालाई सत्तामा जाने म्याण्डेट थिएन, हतारो भने अवश्य थियो । उनी सरकारमा गए । २०७९ पुस ११ गते उपप्रधान तथा गृहमन्त्री बने ।

पपुलिष्टहरुको विशेषता नै हो की सडकमा हुँदा उनीहरु जनतालाई संस्थापन विरुद्ध उचाल्छन् । लोकतन्त्रले डेलिभरि दिन नसकेको सन्दर्भमा जनताको आवाज उठाउने हदसम्म त यसलाई ठिकै मान्न सकिन्छ तर त्यसो गर्दैगर्दा पपुलिष्टहरुले आफुहरु सत्तामा पुगे रातारात स्वर्ग बनाउँछौं जसरी प्रस्तुत हुन्छन् । जसरी रबि लामिछानेले चुनाव अघि वाचा गरे, चुनाव जितेको सय दिनमा सय युवाहरुलाई रोजगारी दिएर नेपाल फर्काउँछु । भ्रष्ट्राचार अन्त्य गर्छु । सुशासन दिन्छु भने । सय दिनमा रोजगारीका लागि विज्ञापन पनि गरियो तर कतिले कहाँ रोजगारी पाए ? जागीर खान को-को युवा नेपाल फर्किए । कहिल्यै सार्वजनिक भएन । अर्थात त्यो एउटा पपुलिष्ट स्टण्ट थियो । प्रदर्शन गरियो । सकियो । भ्रष्ट्राचार र सुशासनका लागि समेत केहि स्टण्टहरु नभएका होईनन् तर लामिछाने उभिएको धरातल यति कमजोर थियो कि, सुशासनको डण्डा यिनैमाथि चलाउनु पर्ने देखियो । दोहोरो नागरिकता र दुई वटा राहदानी (पासपोर्ट) बोकेका यिनको विषयमा प्रश्न उठ्यो । २०७९ माघ १३ गते अनेक बलजफ्ती र शक्तिको दुरुपयोगको बाबजुद सत्ताबाट हात मात्र धुनु परेन । संसद पद समेत गयो । राज्यलाई अतिरिक्त भार पर्ने गरी चितवनमा पुनः निर्वाचन (उप) गर्नुपर्ने अवस्था भयो ।

दोश्रो पटक २०८० वैशाख १० गते भएको उपनिर्वाचनमा उनी फेरि विजयी भए । २०८० फागुन २३ गते पुनः उपप्रधान एवम् गृहमन्त्री बने । दोश्रो पटक पुनः विजय भएर पुनः सत्तामा रहँदा लामिछाने माथि सहकारी ठगीको आरोप लाग्यो । आफु गृहमन्त्री हुँदै गर्दा पोखरामा सहकारी पीडितलाई उनी विरुद्ध उजुरी दर्ता गर्न दिएनन् भन्ने खबर सार्वजनिक भयो । संसदीय छानबिनबाट दोषी करार हुँदा समेत शक्तिको बलमा छानबिन समितिले सफाई दिएको अभिव्यक्ति दिईरहे । एमालेले संसदीय छानविन समिति नबनाउन अडान नै लिएको थियो । कांग्रेसले संसद अवरुद्ध नै गर्‍यो । लामो रस्साकस्सीपछि अन्ततः रबि समेतको सहमतिमा छानविन समिति बन्यो । यसैबीच सरकार परिवर्तन भयो । २०८१ असार ३० गते उनी फेरी प्रतिपक्षको बेन्चमा पुगे । काङ्ग्रेस-एमाले गठनबन्धनबाट प्रधानमन्त्री केपी ओली भए । रबि लामिछाने माथि अनुसन्धान गर्नुपर्ने काङ्ग्रेसको अडान नै थियो । यसपटक उनले सोचजस्तो भएन, सरकारमा हुन्थें भने, सहकारीको रकम अपचलनमा सायदै लामिछाने माथि मुद्दा अघि बढ्थ्यो । गृहमन्त्री हुँदा संसदीय छानविन समितिमा आईजिपीलाई लगेर निर्दोष भएको भन्न लगाए तर यस पटक उनले सोचे जस्तो भएन । सरकारले संसदीय छानविन समितिको प्रतिवेदन कार्यान्वयन गर्ने निर्णय गर्‍यो । उनी संसदबाट निलम्बित भए । एकपछि अर्कोगर्दै गोर्खा मिडियामा सहकारी मार्फत रकम लगिएको विषय बाहिर आईरह्यो । सहकारी पीडितले उनी विरुद्ध विभिन्न अदालतमा

...बाँकी पृष्ठ ३ मा

# शिक्षा ऐन जारी गर्न माग गर्दै मुख्यमन्त्रीलाई ध्यानाकर्षण



*भवन सिलान्यास गर्नुहुँदै सांसद महेश कुमार बर्तौला।*

समाज संवाददाता

हेटौंडाः चरणबद्व आन्दोलन अन्तर्गत बिहीबार बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामालाई शिक्षा ऐन जारी गर्न माग गर्दै शिक्षकहरुले ध्यानाकर्षणपत्र बुझाएका छन् । नेपाल शिक्षक महासंघ मकवानपुरको अगुवाइमा सबै प्रकारका शिक्षक तथा विद्यालय कर्मचारीको माग सम्बोधन हुनेगरी संसदको चालु हिउँदे अधिवेशनबाटै विद्यालय शिक्षा ऐन जारी गर्न माग गर्दै मुख्यमन्त्री लामालाई ४ पृष्ठको ध्यानाकर्षणपत्र बुझाइएको हो ।

शिक्षा ऐन जारी गर्न सरकारले अनेक बाहना गरेर भाग्ने प्रयत्न गरेको भन्दै विगतमा भएका सहमति सम्बोधन हुने गरी शिक्षा ऐन जारी गर्न ध्यानाकर्षण गराइएको छ। बालकक्षा शिक्षक, विद्यालय कर्मचारी र संस्थागत विद्यालयका शिक्षकको उचित तलबमान, शिक्षकको ग्रेड मिलान, शिक्षकको मर्यादाक्रम, शिक्षक अस्पताल, शिक्षक सरुवा कार्यविधि खारेजी, मासिक तलब भुक्तानीजस्ता विषयलाई शिक्षा ऐनमै सम्बोधन गर्न माग गर्दै ध्यानाकर्षणपत्र बुझाइएको हो ।

स्थायी, राहत, साविक उमावि, शिक्षण सिकाई अनुदान, अस्थायी, प्राविधिक धार, विशेष शिक्षा, संस्थागत विद्यालयका शिक्षकका माग र मुद्दा सम्बोधन हुने गरी विद्यालय, विद्यार्थी र शिक्षक कर्मचारीमैत्री अग्रगामी विद्यालय शिक्षा ऐन ल्याउनु आवश्यक रहेको एकीकृत अखिल नेपाल शिक्षक संगठन बागमती प्रदेश अध्यक्ष शंकर अधिकारीले जानकारी दिनुभयो ।

गत माघ १६ र १७ गते बसेको नेपाल शिक्षक महासंघको राष्ट्रिय समितिको बैठक निर्णयअनुसार गत फागनु ६ गतेबाट पहिलो चरणको आन्दोलन सुरु गरिएको हो। सोही क्रममा नेपाल शिक्षक महासंघका विभिन्न समितिले बिहीबार ७ वटै प्रदेशका मुख्यमन्त्रीलाई ध्यानाकर्षण पत्र बुझाएको छ ।

बागमती प्रदेशका मुख्यमन्त्री लामाले ध्यानाकर्षणपत्र बुझ्नुहुँदै शिक्षकबीचको द्वन्द्वकै कारण यस्तो अवस्था सिर्जना भएको जानकारी दिनुभयो । उहाँले शिक्षकको ध्यानाकर्षणपत्रलाई संघीय सरकारसमक्ष पुऱ्याउने प्रतिबद्धता जनाउनुभयो । यसअघि शिक्षक महासंघले सबै स्थानीय सरकारका साथै शिक्षा विकास तथा समन्वय इकाई प्रमुखलाई ध्यानाकर्षणपत्र बुझाइसकेको छ । शिक्षा ऐन जारी गर्न माग गर्दै फागुन २४ गते काठमाडौंको सिंहदरबार केन्द्रित आन्दोलन गरिँदैछ ।

# फेमकोलमा शैक्षिक प्रदर्शनी

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१३, पदमपोखरीस्थित फेमकोल एकेडेमी सेकेण्डरी बोर्डिङ स्कूलमा विज्ञान र प्रविधिसम्बन्धी शैक्षिक प्रदर्शनी गरिएको छ। बिहीबार बोर्डिङका विद्यार्थीले विज्ञान र प्रविधिसम्बन्धी शैक्षिक सामग्री प्रदर्शनी गरेका हुन् ।

कक्षा-४ देखि ९ सम्म अध्ययनरत विद्यार्थीले गणित, चित्रकला, क्राफ्टसम्बन्धी शैक्षिक प्रदर्शनी गरेका थिए। विज्ञान तथा प्रविधिसम्बन्धी शैक्षिक प्रदर्शनीमा करिब ६० जना विद्यार्थी सहभागी भएका थिए। उनीहरुले गणितको आइडिया, आर्ट क्राफ्ट, सोलारसम्बन्धी प्रदर्शनी गरेका छन् ।

हेटौंडा उपमहानगरपालिका शिक्षा विकास महाशाखा प्रमुख हरिचन्द्र सापकोटाको प्रमुख आतिथ्य तथा बोर्डिङकी प्रिन्सिपल कविता मुडवरीको सभाध्यक्षमा कार्यक्रम उद्घाटन भएको हो। उद्घाटन समारोहमा शिक्षा विकास महाशाखाका शिक्षा अधिकृत रमेश बिडारीको विशिष्ट आतिथ्य रहेको थियो ।

प्रदर्शनी कार्यक्रममै २०८० सालको माध्यमिक शिक्षा परीक्षा (एसईई)मा उत्कृष्ट नतिजा ल्याउने विषयगत शिक्षकलाई पनि सम्मान गरिएको थियो। कार्यक्रममा अंग्रेजी, नेपाली र वातावरण विषयका शिक्षकलाई सम्मान गरिएको हो। यस्तै, एसईई परीक्षामा प्रथम, द्वितीय र तृतीय हुने विद्यार्थी र एक सातासम्म सञ्चालन भएर सम्पन्न भएको वार्षिक खेलकुद कार्यक्रमका विजेता विद्यार्थीलाई पनि पुरस्कृत गरिएको बोर्डिङले जनाएको छ।

# गायन प्रतियोगितामा नवोदयका डंगोल प्रथम




समाज संवाददाता

हेटौंडाः गायन प्रतियोगितामा हेटौंडा-४ स्थित नवोदयका शिशु सदनका चिराग डंगोल प्रथम हुनुभएको छ। हेटौंडा-५ स्थित ज्ञानोदय बालबाटिका आवासीय माध्यमिक विद्यालयले आयोजना गरेको गायन प्रतियोगितामा डंगोल प्रथम हुनुभएको हो ।

विद्यालय आयोजना गरेको तेस्रो संस्करणको भीम विराग स्मृति अन्तरविद्यालय गायन प्रतियोगितामा वडा-२ स्थित बालजागृति इङ्ग्लिस बोर्डिङ स्कूलका आर्मन कार्की द्वितीय, सोलिड्यारिटी इन्टरनेसनल बोर्डिङ स्कूलका बृस्मा गहतराज तृतीय हुनुभएको हो । प्रथम, द्वितीय, तृतीयले क्रमशः १० हजार, ७ हजार र ५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिएको विद्यालयका सहायक प्रधानाध्यापक बेनु शर्मा पराजुलीले जानकारी दिनुभयो । नवोदयकै समृद्धि आचार्यले प्रोत्साहनस्वरुप २ हजार ५ सय रुपैयाँ प्राप्त गर्नुभएको हो । प्रतियोगितामा २७ जना विद्यार्थीको सहभागिता रहेको थियो ।

आज शुक्रबार विद्यालयको १३ औं अभिभावक दिवसमा शिशु कक्षादेखि कक्षा १० सम्मका विद्यार्थीको सहभागितामा नृत्य प्रस्तुति रहनेछ । अभिभावक दिवसमा ड्रामा प्रदर्शन गरिने विद्यालयका प्रधानाध्यापक सन्तोष शर्माले जानकारी दिनुभयो । गत वर्षको एसईई मा ४ जिपीए ल्याउन सफल विषयगत शिक्षकका सार्थ वार्षिक र नियमित शुल्क बुझाउने अभिभावकलाई सम्मान गरिनेछ । साथै, बिभिन्न विधामा प्रथम, द्वितीय र तृतीय हुनेलाई सम्मान गरिने प्रधानाध्यापक शर्माले जानकारी दिनुभयो ।

# मनहरीमा खेलकुद तथा व्यापार महोत्सव हुने

समाज संवाददाता

मनहरीः मकवानपुरको मनहरी गाउँपालिकामा यही फागुन २१ गतेबाट मनहरी खेलकुद तथा व्यापार महोत्सव हुने भएको छ । मनहरी गाउँपालिका खेलकुद विकास समितिको आयोजना, गाउँ कार्यपालिकाको संरक्षण र एभरेष्ट इभेन्ट म्यानेजमेन्टको व्यवस्थापनमा फागुन २१ गतेदेखि चैत ४ गतेसम्म खेलकुद तथा व्यापार महोत्सव हुने भएको हो ।

खेलकुद तथा व्यापार महोत्सव वडा-८ स्थित सिम्पानीको खेल मैदानमा हुनेछ । बिहीबार आयोजक समितिका सदस्य चन्द्र सिंह स्याङ्तानले गाउँपालिका वडा नम्बर-३ स्थित लामिटारको सभाहलमा पत्रकार सम्मेलन आयोजना गर्दै खेलकुद तथा व्यापार महोत्सवको बारेमा जानकारी गराइएको छ ।

गाउँपालिकाको स्थानीय स्तरमा खेलाडीको पहिचान गराउन, खेलको प्रवर्द्धन गर्न, व्यापार प्रवर्द्धन गर्न र एक अर्काबीच भातृत्वको सम्बन्ध कायम गराउन खेलकुद महोत्सव गर्न लागेको सदस्य स्याङ्तानले बताउनुभयो। महोत्सवमा करिब २ सयको हाराहारीमा स्टलहरु रहने उहाँले बताउनुभयो। उहाँका अनुसार महोत्सवमा विभिन्न राष्ट्रियस्तरको कलाकारहरुको पनि प्रस्तुति रहनेछ ।

महोत्सवमा फुटबल, भलिबल, ब्याडमिन्टन, टी-१० क्रिकेट, एथ्लेक्टिक्सलगायतका खेलहरु सञ्चालन हुने उहाँले बताउनुभयो । महोत्सवबाट ५ करोड रुपैयाँको कारोबार हुने आयोजकको अनुमान रहेको छ। महोत्सवमा १ लाखको हाराहारीमा दर्शकहरूले भ्रमण गर्न आउने अनुमान गरिएको छ ।

फुटबलको उपाधि विजेता टिमले एक लाख रूपैयाँ र उपविजेताले ५० हजार रुपैयाँ प्राप्त गर्नेछन्। क्रिकेटको विजेता र उपविजेताले ३० हजार र २० हजार रूपैयाँ प्राप्त गर्नेछन् । भलिबलको विजेताले ५० हजार रूपैयाँ र उपविजेताले ३० हजार रुपैयाँ प्राप्त गर्नेछन् भने व्याड्मिन्टनको बिजेता र उपविजेताले क्रमशः ३० हजार र २० हजार रुपैयाँ पुरस्कार प्राप्त गर्नेछन्।

# २ जना मृत भेटिए, लडेर घाइतेको मृत्यु

# काभ्रेमा मानव कंकाल भेटियो

समाज संवाददाता

हेटौंडा : धादिङ र सिन्धुपाल्चोक जिल्लामा दुई जना मृत अवस्थामा भेटिएका छन् । सिन्धुलीमा रुखबाट लडेर घाइते एकजनाको मृत्यु हुँदा काभ्रेपलाञ्चोकमा एउटा मानव कंकाल फेला परेको छ ।

धादिङ जिल्लाको धुनिवेशी नगर पालिका-१, ढुंगानागाउँ बस्ने अन्दाजी ४५ वर्षका बच्चु परियार बाटोमा मृत अवस्थामा फेला परेका छन्। मृतक परियारकी श्रीमती बिदेशमा र ४ वटा छोरा-छोरी घरमै रहेको प्रहरीले जानकारी दिएको छ। मृतक परियार निरन्तर मद्यपान गरिराख्ने भन्ने बुझिएको छ । परियारको शव टिचिङ अस्पताल लगिएको प्रहरीले जनाएको छ।

यस्तै सिन्धुपाल्चोक जिल्ला मेलम्ची नगरपालिका-१२, गिरानचौरमा बुधबार पुरुष मृत भेटिएका छन् । मृतक भेटिएका पुरुष बारा जिल्लाको फेटा गाउँपालिका-७ का २८ वर्षीय नरेश पासवान रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । जित बहादुर तामाङको घर बनाउने कामदार टिनले बनाएको कटेरोमा सुतिरहेको अवस्थामा पासवान मृत भेटिएका हुन् । थप अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ । मृतक पासवानको शव प्राथमिक स्वास्थ्य अस्पताल मेलम्चीमा रहेको प्रहरीले जानकारी दिएको छ।

सिन्धुली जिल्लाको दुधौली नगरपालिका-१४ मा रुखबाट लडेर घाईते भएका वृद्धको उपचारको क्रममा मृत्यु भएको छ । मृत्यु हुनेमा बासबोटेका ६५ वर्षीय यमबहादुर सुनुवार रहेको बगमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । बुधबार आफ्नै घर छेउमा रहेको बडरको रुखमा चढी घाँस काट्ने क्रममा लडी टाउको, दाहिने खुट्टा र छातिमा भित्री चोट लागेर गम्भिर घाईते भएका सुनुवारलाई उपचारका लागि नगर अस्पताल कटारी उदयपुर लगिएकोमा उपचारको क्रममा उक्त अस्पतालका चिकित्सकले सुनुवारलाई मृत घोषणा गरेको हो । नगर अस्पताल कटारी उदयपुरमा पोस्टमार्टम पश्चात मृतकको शव छोरी विष्णु सुनुवारले बुझी लगेको प्रहरीले जनाएको छ ।

काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिका-३, काफ्लेटी सामुदायिक वनमा मानव कंकाल फेला परेको छ । मानव बस्तीबाट ५०० मिटर पूर्व महिलाको कंकाल फेला परेको प्रहरीले जानकारी दिएको छ। मृतक जिल्ला काभ्रे मण्डनदेउपुर नगरपालिका-११ की ३५ वर्षीया निशा लामा रहेको मृतकको ब्याग, चप्पल र ब्याग भित्र निशा लामा लेखिएको बिल भेटिएको प्रहरीले जनाएको छ। मृतक लामाको श्रीमानले शव सनाखत गरेको प्रहरीले जनाएको छ। मृतक लामा असोज १६ गतेबाट हराएको भनी लामाको श्रीमानले जिल्ला प्रहरी कार्यालय काभ्रेमा निवेदन पेश गरेको थिए। प्रहरीले लामाको हत्या भएको र हत्यामा संलग्नलाई पक्राउ गरेको जनाएको छ ।

# रबि, पपुलिजम...

दायर गरेको मुद्दाको सुनुवाई अघि बढिरहेको छ तर एउटा जमात छँदैछ, जसले अदालतको फैसला अघि नै लामिछानेलाई सफाई दिइसकेको छ ।

लोकप्रियतावादीहरुले समाजको असन्तुष्टि र निराशालाई सत्ताको भऱ्याङ उक्लने माध्यामकारुपमा उपभोग गर्छन्। त्यसका लागि हामी शुद्ध हौं भन्ने भाष्य तयार गर्छन् । उस्तै विचार राख्ने ठुलो जमात बनाउँछन् । जो तथ्य र तर्कमा होईन, भावावेशका आधारमा चल्छन् । त्यसैले फरक विचार राख्नेहरु माथि असहिष्णु हुन्छन् । जो लोकतन्त्रका लागि समेत खतरापूर्ण हुन्छ । प्रिन्सटन विश्वविद्यालयका प्रोफेसर जान् वेर्नर मुलरले 'ह्वाट ईज पलुलिजम' पुस्तकमा लेखेका छन्, पपुलिष्टहरु सुरुमा हामी शुद्ध मान्छे हौं र अरु भ्रष्ट सम्भ्रान्त हुन् भन्दै संस्थापन विरुद्ध खनिन्छन् । यिनिहरु बहुलवाद विरोधी, संस्थापन विरोधी र संस्था विरोधी हुन्छन् । सुशासन, कानुनी राज्य, विधिको शासन, संवैधानिक सर्वोच्चता लगायतका विषयमा चर्किंदै अरुलाई दुत्कार्ने लामिछानेले अन्ततः राज्यका संस्थाहरुलाई तारो बनाउनु कुनै आश्चर्य होईन । रुलले होईन, भिडले निर्णय गराउने प्रयत्न अदालत अगाडिको प्रदर्शन हो। यो राज्यका संस्थालाई कमजोर बनाउने, अराजकताको जगमा न्यायलाई प्रभावित गर्ने, भिड देखाएर न्यायाधीश प्रभावित गर्ने कोशिश हो। बालकृष्ण खाँड, टोप बहादुर रायमाझीहरु पक्राउ गरिँदा एमाले-काङ्ग्रेसले आन्दोलन गरेन । कृष्णबहादुर महरा पक्राउ गर्दा माओवादी सडकमा उत्रिएन तर नयाँ पार्टी भन्ने रास्वपा सडकमा उत्रियो ।

त्यसो त राजनीतिमा आउनु अगावै लामिछाने विवादित थिए । पत्रकार शालिकराम पुडासैनी आत्महत्या प्रकरणमा यिनको नाम जोडिएको थियो। अमेरिकामा श्रीमति हुदाँहुँदै बहुविवाह गरेका लामिछानेले राजनीतिलाई सङ्लो बनाउने भाषण त गरे तर यिनी आफैं धमिलो पानीमा माछा मार्न आएका हुन् भन्ने तथ्य समयले स्पष्ट पार्दैछ। रास्वपा सांसद ढाका कुमार श्रेष्ठको घुससँग सम्बन्धित अडियो काण्ड, मन्त्री छनौटदेखि मुकुल ढकालको कार्वाहिसम्म आईपुग्दा रास्वपा र लामिछानेको गति र मति प्रष्ट हुन्छ । उता धनगढीका गोपाल हमाल बाहेक स्वतन्त्रबाट निर्वाचित अन्य मेयरहरुको गतिविधि पनि त्यस्तै छ। गरिबको चमेली बोल्दिने कोहि छैन भन्दै चुनावी अभियान अगाडि बढाएका बालेन साना व्यवसायी, सुकुम्बासी र श्रमजीविहरु प्रति कति असहिष्णु छन्, सार्वजनिक भइरहेकै छ । कहिले सिंहदरबार जलाउने धम्कि, नशाको तालमा लेखिने स्टाटस वा अन्य क्रियाकलापहरुले परिपक्व राजनीतिको झलक दिँदैन। धराने जनतालाई खानेपानी दिने संकल्प गरेका हर्क साम्पाङले श्रम संस्कृति भन्दै सुरुमा केहि आशाको संचार गरेकै हुन् तर बोलिमा लगाम लगाउन नसक्दा बद्नाम छन् । उनले सामाजिक सञ्जालमा लेख्ने स्टाटस, नगर संचालनको उनको तौरतरिका, अन्य विकास कार्य नेतृत्वमा देखिएको असक्षमताले नेपालमा लोकप्रियतवादको सम्भावित परिदृष्य देखाउँछ । दिल्लीमा आप रोजेका मतदात पुनः बिजेपीमा फर्किए जस्तै नयाँ भन्नेहरुको उपद्रवले आजीत नेपाली समाजको रुझान क्रमशः लामो ईतिहास र अनुभवको जगमा खडा भएका पार्टीहरुतिरै फर्किदैछन् भन्ने संकेत मंसिरमा सम्पन्न स्थानीय तह उपनिर्वाचनको नतिजाले समेत देखाएको छ ।

त्यसो त लोकप्रियतावादका कतिपय सकारात्मक विषयहरु पनि छन्। जनताको आवाज, गुनासो र असन्तुष्टिहरु चित्रण गर्नु यसको सकारात्मक पक्ष हो । त्यसलाई सम्बोधन गरिनुपर्छ नै, आजको भोलि जसरी समस्या समाधान हुन सक्दैन । राज्यको श्रोत, साधन, सामर्थ्यको जगमा जनअपेक्षाहरु पुरा गर्दै जानुपर्छ। संस्थाहरुलाई कमजोर बनाएर, भिड र उत्तेजनाले समाजलाई कहिँ पुऱ्याउँदैन । राजनीतिक दलहरु जवाफदेही बन्नुपर्छ। समाजमा आशा जगाउन सक्नुपर्छ । बाटो देखाउनुपर्छ र त्यो बाटोमा देशलाई हिँडाउने तागत राख्नुपर्छ। यसका लागि राजनीतिले जनतामा नयाँ विश्वास जगाउन सक्नु पर्छ। नेताले आफुलाई आदर्शरुपमा प्रस्तुत गर्न सक्नुपर्छ। अन्यथा सही विचार, अनुभव र परिपक्वता बिना 'जान्नेलाई छान्ने' जस्ता नाराले समाजमा भ्रम सिर्जना गर्न त सक्छ र सही परिणाम भने दिन सक्दैन ।

*santosh.htd5@gmail.com*

National Examinations Board
Nepal
Branch Office, Hetauda, Maakwanpur

Subject :- TO WHOM I'T MAY CONCERN

This is to certify SURUCHI KUMARI KUSHWAHA that Mr./Mrs Registration No. 802330370184 of KANKALI SECONDARY SCHOOL, SIMRONGADH, BARA has successfully completed class XII Examinations conducted by The National Examinations Board in the year B.S. 2081 With Symbol No. 23303064 His/Her Academic Transcript, Migration and Provisional Certificates were issued by the National Examinations Board on 2081 (2024). The National Examinations Board has no objection to his/her joining any other institution or university.

Ckecked By
Section Officer

Sincerly Yours
Krishna prasad sharma
Controller of Examinations

माइग्रेसन हराएको सूचना

हेटौंडा स्कुल अफ म्यानेजमेन्ट एण्ड सोसियल साइन्सबाट २०८१ सालमा दश जोड दुई (10+2) तह उत्तीर्ण गरी राष्ट्रिय परीक्षा बोर्डबाट प्राप्त गरेको माइग्रेसन सर्टिफिकेट उर्जा कायस्थको (रजिष्ट्रेशन नम्बर ८०३३१००३१३९२, सिम्बोल नम्बर २३१०२७८८) मिति २०८१ साल फाल्गुन ४ गतेका दिन हेटौंडा बजारबाट क्याम्पस जाने क्रममा हराएको हुँदा कहिँकतै देख्नु पाउनु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तल उल्लेखित मोबाइल नम्बरमा सम्पर्क गरी उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ ।

सम्पर्कः ९८१५२७९१२३

### नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता

# पुरुष र महिला भलिबलको फाइनल समीकरण पूरा



समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी हेटौंडा उपमहानगरपालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता अन्तर्गत महिला तथा पुरुष भलिबलको फाइनल समीकरण पूरा भएको छ । पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता अन्तर्गत भलिबलको फाइनल खेल आज शुक्रबार सञ्चालन हुने भलिबलका संयोजक नरेन्द्र मोक्तानले जानकारी दिनुभएको छ ।

पुरुषतर्फको खेलमा सिद्धार्थ माध्यमिक विद्यालय र निर्मल माध्यमिक विद्यालयले फाइनलको यात्रा पूरा गरेको छ भने महिलातर्फ हेटौंडा-५ स्थित ज्ञानोदय बालबाटिका आवसीय माध्यमिक विद्यालय र हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयले फाइनलको यात्रा पूरा गरेको छ। पुरुष तर्फको खेलमा ज्योति माध्यमिक विद्यालयलाई २५-४ र २५-६ को सोझो सेटले ज्ञानोदय माविले पराजित गरेको छ भने पुरुषतर्फकै अर्को खेलमा जनप्रिय माविलाई २५-१० र २५-१२ को सोझो सेटले सिद्धार्थ माविले पराजित गरेको छ ।

यस्तै, महिलातर्फको पहिलो खेलमा आधुनिक माविलाई २५-१८ र २५-१५ को सेटले सिद्धार्थ माविले पराजित गरेको छ भने दोस्रो खेलमा जनप्रिय माविलाई २५-१३ र २५-१२ को सेटले निर्मल माविले पराजित गरेको छ । प्रतियोगिता अन्तर्गत आज महिला र पुरुषको फाइनल खेल हुने प्रतियोगिताका संयोजक नरेन्द्र मोक्तानले बताउनुभयो । पुरुष तर्फको फाइनल खेल बिहान ८ बजे हुनेछ भने महिलाको २ बजे हुनेछ । प्रतियोगितामा पुरुषको १० वटा र महिलाको ८ वटा टिमहरुको सहभागिता रहेको थियो ।

### राष्ट्रिपत रनिङ्ग शिल्डमा एथ्लेटिक्सको खेल सम्पन्न

हेटौंडाः हेटौंडा उपमहानगरपालिका खेलकुद विकास समितिको आयोजनामा तथा हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय विद्यालयको व्यवस्थानमा सञ्चालन भइरहेको पालिकास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा एथ्लेटिक्सतर्फको खेलहरु सम्पन्न भएको छ । हेटौंडा-४, हुप्रचौरमा बुधबारबाट सुरु भएको राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता अन्तर्गत एथ्लेटिक्स तर्फको सम्पूर्ण खेलहरु सम्पन्न भएको हो । प्रतियोगिता अन्तर्गत छात्रतर्फको २०० मिटर दौडमा हेटौंडा-१० स्थित तुल्सी मेहर बोर्डिङका सविन लामा प्रथम, हेटौंडा-१६, हटियास्थित जनप्रिय माविका पर्वत मगर द्वितीय र हेटौंडा-४ स्थित भुटनदेवी माविकी असिम यादव तृतीय भएका छन् ।

४ गुणा ४०० मिटर दौडमा सिद्धार्थ माविकी शुसी वाइबा, प्रीति वाइबा, विनिश श्रेष्ठ र नितेश यादवको समूह प्रथम भएका छन् । जनप्रिय माविका पर्वत मगर, कौशल सहकारी, कृष चौधरी र सुविन लामिछानेको समूह द्वितीय भएका छन् । भुटनदेवी माविकी सजिल अलादिन, नशिम शेख, रितिक यादव र आशिष यादवको समूह तृतीय भएका छन् । छात्रातर्फ बालवोध माविकी अनिता खड्का, सपना लामा र स्वेता ढुंगेलको समूह प्रथम भएका छन् । ज्योति माविकी रितिका खड्का, राधा विश्वकर्मा र रेश्मा थापाको समूह द्वितीय भएका छन् । जनप्रिय माविकी प्रतिमा पनेरु, ज्ञानज्योति चौधरी र विद्या खनालको समूह तृतीय भएका छन् ।

छात्रातर्फ जनप्रिय माविकी प्रतिमा पनेरु प्रथम, बालवोध माविकी जेनिशा अर्याल द्वितीय र ज्योति माविकी रितीका खड्का तृतीय भएकी छिन् । छात्रतर्फ ३००० मिटरको दौडमा सुवास हेमजन प्रथम, भुटनदेवी माविका नितेश यादव द्वितीय र आधुनिक माविका आदित्य साह तृतीय भएका छन् । छात्रातर्फ ज्योति माविकी रेश्मा थापा प्रथम, जनज्योति माविकी कृषिका क्षेत्री द्वितीय र भुटनदेवी माविकी पूर्णिमा खत्री अधिकारी तृतीय भएकी छिन् । छात्रतर्फ हाइजम्पमा जनज्योति माविका विवश घलान प्रथम, जनप्रियका सुवीज लामिछाने द्वितीय र भुटनदेवी माविकै नशिम श्रेष्ठ तृतीय भएका छन् भने छात्रातर्फ जनज्योति माविकी स्मिृता मुक्तान तृतीय भएकी छिन् ।

### कबश्रीको दुबै स्वर्ण प्रगति माविलाई

हेटौंडा : हेटौंडामा सञ्चालन भइरहेको पालिकास्तरीय राष्ट्रिपति रनङ्ग शिल्ड प्रतियोगिता अन्तर्गत कबड्डीतर्फ प्रगति माविले स्वर्ण जितेको छ । प्रतियोगिता अन्तर्गत महिला र पुरुषतर्फ हेटौंडा-९ स्थित प्रगति माध्यमिक विद्यालयले स्वर्ण जितेको छ । हेटौंडा-४, पारिजातपथस्थित बहुउद्देश्यीय कभर्ड हलमा बिहिबार सुरु भएर बिहिबारै सम्पन्न भएको फाइनल खेलमा महिलातर्फ प्रगति माध्यमिक विद्यालयले ४५-११ को अंकले चन्द्रोदय माध्यमिक विद्यालयलाई हराएको छ भने पुरुष तर्फको खेलमा पनि प्रगति माविले ४१-३७ ले चन्द्रोदय माविलाई हराएको छ । प्रतियोगितामा महिला र पुरुषको ३/३ वटा टिमको सहभागिता रहेको संयोजक सुमन नेपालीले जानकारी दिनुभएको छ ।

प्रतियोगितामा सहभागी भएका मध्य उत्कृष्ट खेलाडीहरुलाई छनौट गरेर जिल्लास्तरीय प्रतियोगितामा सहभागी गराउने संयोजक सुमन नेपालीले बताउनुभयो। पालिकास्तरीय प्रतियोगिताबाट छनौट भएका खेलाडीहरु जिल्लास्तरीय हुँदै प्रदेशस्तरीयसम्मको प्रतियोगितामा सहभागिता जनाउने पाउने उहाँले बताउनुभएको छ। प्रतियोगितामा विजेता र उपविजेता बनेका खेलाडीहरलाई भोलि हुने समापन कार्यक्रममा पुरस्कार प्रदान गरिने बताइएको छ । उसु, कराँते र भलिबलको फाइनल खेल भोलि सञ्चालन हुने बताइएको छ। प्रतियोगितामा महिला तर्फ शान्ति थिङ र पुरुषतर्फ सचिन मिश्रा उत्कृष्ट खेलाडी घोषित भएका छन् । प्रतियोगितामा विभिन्न विधाका खेलहरुमा ३८ वटा विद्यालयबाट खेलाडीहरुको सहभागिता रहेको छ ।

गत वर्षको प्रतियोगितामा हेटौंडा-१६, हटियास्थित जनप्रिय मावि प्रथम भएको थियो । ९ स्वर्ण, ६ रजत र ६ कास्य पदकसहित जनप्रिय मावि प्रथम हुन सफल भएको थियो । प्रतियोगितामा हेटौंडा-९ स्थित प्रगति मावि द्वितीय भएको थियो । प्रगति माविले ९ स्वर्ण, २ रजत र २ कास्य पदक जितेका थियो । समान ४ स्वर्ण, २ रजत र २ कास्यसहित हेटौंडा-१८ स्थित ज्योति मावि र हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय मावि तेस्रो स्थानमा रहेका थिए ।

## हेटौंडामा मनाइयो मगर दिवस

समाज संवाददाता

हेटौंडाः नेपाल मगर संघको ४३ औं स्थापना दिवसका अवसरमा बिहीबार हेटौंडामा मगर दिवस मनाइएको छ । र्‍याली, फुड फेस्टिबल तथा सांस्कृतिक कार्यक्रम आयोजना गर्दै दिवस मनाइएको हो ।

मगर संघ जिल्ला समन्वय समिति मकवानपुरका अध्यक्ष सन्देश मगरको अध्यक्षता तथा हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा दिवस मनाइएको थियो । हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले कार्यक्रमको उद्घाटन गर्नुहुँदै मुलुकमा भाषा र संस्कृति लोप भएमा जातीय पहिचान नै संकटमा पर्ने भएकाले सबैले आफ्नो भाषा र संस्कृति जगेर्ना गर्नुपर्ने बताउनुभयो ।

कलाकारहरु राधिका हमाल, शशी पुन मगर, अजित लोप्चनलगायतले गायन प्रस्तुत गर्नुभएको छ । मगर संस्कृति झल्कने कौरा, मारुनी, घाटु, हुर्रा नृत्यसमेत प्रस्तुत गरिएको थियो । कार्यक्रममा मगर समुदायको मौलिक परिकारहरुको स्टल राखिएको थियो । बुद्ध चोकदेखि हुप्रचौरसम्म झाँकीसहितको र्‍याली गरिएको थियो । मकवानपुरमा मगर समुदायको २० हजार ८ सय ३७ जनसंख्या रहेको छ ।

## बकैया कला साहित्य महोत्सव आजबाट

समाज संवाददाता

हेटौंडा : मकवानपुरको बकैया गाउँपालिकामा आज शुक्रबारबाट बकैया कला साहित्य महोत्सव-२०८१ सुरु हुँदैछ । भोलि शनिबारसम्म सञ्चालन हुने महोत्सवमा पुरस्कार समर्पण, चित्रकला प्रदर्शनी, पत्रिका विमोचन, साँस्कृतिक कार्यक्रम, कविता वाचन, गजल-मुक्तक वाचन, पालिका अध्यक्षसँग संवाद, नवसर्जकको रचना वाचन लगायतका कार्यक्रम रहनेछ ।

झरना साहित्यिक परिवार मकवानपुरको आयोजना, बकैया गाउँपालिकाको प्रायोजन तथा बकैया-५ स्थित कर्मप्राप्ति माविको सहकार्यमा बकैण कला साहित्य महोत्सवको आयोजना हुँदैछ । महोत्सवको अवसरमा विभिन्न क्षेत्रका १० जनालाई पुरस्कृत गर्दैछ । झरनाको ३२ औं वार्षिकोत्सवको अवसरमा महोत्सवको आयोजना गरिएको हो । बकैयालाई नै आधार बनाएर स्थापित झरना साहित्यिक परिवारले हरेक वर्ष साहित्य महोत्सवको आयोजना गर्दै आएको छ ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

## वरिष्ठ अधिवक्तालाई बारको सम्मान



*वरिष्ठ अधिवक्ता ध्रुवप्रसाद चौलागाईलाई सम्मान गरिँदै ।*

समाज संवाददाता

हेटौंडाः उच्च अदालत बार एसोसिएसन हेटौंडाले वरिष्ठ अधिवक्तादेखि कर्मचारीलाई सम्मान गरेको छ। एसोसिएसनको साधारणसभा तथा अधिवेशनको अवसरमा वरिष्ठ अधिवक्ता कृष्णप्रसाद कँडेल, ईश्वर राज ढकाल, रामेश्वरप्रसाद कोइराला, बाबुराम दाहाल, ध्रुवप्रसाद चौलागाईलाई सम्मानपत्रले सम्मानित गरिएको हो ।

यस्तै, कार्यालय सहयोगी ज्ञानु परियारलाई पनि सम्मानित गरिएको छ । एसोसिएसनका निवर्तमान अध्यक्ष सुशीलकुमार पोखरेल, अधिवक्ता रिमा प्याकुरेल, प्रकाशन समितिका संयोजक शिवप्रसाद बन्जारा, सदस्य सुवासचन्द्र अधिकारी, सदस्य सुजन तिमल्सिना, अर्थ समितिकी संयोजक श्रद्धा ढुंगाना, सदस्य मोहनप्रसाद ढकाल, सम्पत काफ्लेलाई प्रशंसापत्र प्रदान गरिएको छ। उच्च अदालत बार एसोसिएसन हेटौंडाका अध्यक्ष अरुणकुमार खतिवडाको अध्यक्षता तथा उच्च अदालत पाटन हेटौंडा इजलाशकी न्यायाधीश यमुना भट्टराईको प्रमुख आतिथ्यमा साधारणसभा भएको थियो । एसोसिएसनका उपाध्यक्ष हरिप्रसाद भट्टले स्वागत मन्तव्य राख्नुभएको थियो ।

## नारायणी यातायातद्वारा निःशुल्क स्वास्थ्य शिविर

समाज संवाददाता

हेटौंडाः नारायणी यातायात व्यवसायी संघले निःशुल्क स्वास्थ्य शिविर गर्ने भएको छ । संघले वार्षिक साधारणसभाको अवसरमा शिविर आयोजना गर्न लागेको हो । आउँदो फागुन १७ गते हुने शिविरमा मेडिसिटी अस्पतालका ८ जना चिकित्सकद्वारा स्वास्थ्य जाँच गरिने बताइएको छ ।

संघले बिहीबार पत्रकार सम्मेलन आयोजना गरी स्वास्थ्य शिविरबारे जानकारी दिएको छ । बिहान साढे ७ बजेदेखि १० बजेसम्म शिविर सञ्चालन हुनेछ । शिविरमा प्रेसर, सुगर, किड्नी आदिको जाँच गरिने बताइएको छ । शिविरमा स्वास्थ्य जाँच नर्गेहरुलाई खाजाको व्यवस्था रहेको आयोजकले जानकारी दिएको छ ।

१० बजे शिविर समाप्त भएपछि साधारणसभा तथा बन्द सत्र सञ्चालन हुने नारायणी यातायात व्यवसायी संघका अध्यक्ष हीरालाल श्रेष्ठले जानकारी दिनुभयो । बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाको प्रमुख आतिथ्यमा साधारणसभा उद्घाटन हुनेछ । सभामा खुला सत्रसँगै बन्द सत्र सञ्चालन हुनेछ । संघको आय-व्ययको विषयमा पनि छलफल हुने उहाँले पत्रकार संमेलनमा जानकारी दिनुभयो। हाल संघमा २ हजार ९ सय जना सदस्य रहेका छन् । करिब एक दशकदेखि संघले निःशुल्क एम्बुलेन्स र सवबाहनको सेवा दिइरहेको छ। बाढी, पहिरोजस्ता विपदमा संघले राहत प्रदान गर्दै आइरहेको छ ।

**साधारणसभा सम्बन्धी सूचना**

यस जामे मस्जिद समिति, हेटौंडा-४ को साधारण सभा तथा अधिवेशन तपशिल बमोजिमको मिति, स्थान र समयमा हुने भएकोले अनिवार्य उपस्थित भई दिनुहुनुका लागि सम्पूर्ण साधारण सदस्यहरुमा हार्दिक अनुरोध गरिन्छ ।

तपशिल
**मिति:** २०८१।११।१६ गते शुक्रबार
**स्थान:** जामे मस्जिद समिति, हेटौंडा-४, भैरवरोड
**समय:** दिउँसो २:०० बजे ।

जाकिर हुसेन
सचिव
जामे मस्जिद समिति
हेटौंडा, मकवानपुर
सम्पर्क नं. : ९८४५०३०८०२

## मैत्रीपूर्ण महिला शिक्षक भलिबल आजबाट

समाज संवाददाता

हेटौंडाः हेटौंडामा आज शुक्रबारबाट मैत्रीपूर्ण महिला शिक्षक भलिबल प्रतियोगिता हुँदैछ । नगरस्तरीय शैक्षिक समन्वय समिति, हेटौंडाको आयोजनामा पहिलो संस्करणको नगरस्तरीय महिला शिक्षक भलिबल प्रतियोगिता हुने भएको हो ।

बिहीबार हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयमा पत्रकार सम्मेलन आयोजना गर्दै प्रतियोगिताका संयोजक बालकुमार श्रेष्ठले प्रतियोगिताबारे जानकारी गराउनुभएको छ । हेटौंडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयमा प्रतियोगिता उद्घाटन हुनेछ । पहिलो खेलमा हेटौंडा-१८ स्थित ज्योति माध्यमिक विद्यालय र हेटौंडा-२ स्थित सिद्धार्थ माध्यमिक विद्यालयबीच प्रतिस्पर्धा हुनेछ ।

शनिबारसम्म सञ्चालन हुने प्रतियोगिताको उपाधि विजेता टिमले ७ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५ हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । तृतीय हुने टिमलाई ३ हजार रुपैयाँ नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गरिनेछ ।

प्रतियोगिता सम्पन्न गर्नका लागि ७० हजार रुपैयाँ खर्च हुने आयोजकको अनुमान रहेको छ । प्रतियोगितामा १० वटा टिमहरुको सहभागिता रहेको छ । प्रतियोगिताको उत्कृष्ट खेलाडीलाई ट्रफी प्रदान गरिनेछ ।

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

**साधारण सभा तथा अधिवेशनमा उपस्थित हुने सम्बन्धी सुचना !!!**

यस नारायणी यातायात व्यवसायी संघको ३६ औं वार्षिक साधारण सभा तथा १६ औं अधिवेशन निम्न मिति, समय र स्थानमा हुने हुँदा सम्पुर्ण सदस्य व्यवसायीज्यूहरुलाई अनिवार्य उपस्थितिको निमित्त हार्दिक अनुरोध गर्दछु ।

मिति : २०८१।११।१७ गते, शनिबार ।
स्थान : पल्पसा सभाहल, हेटौंडा ।
समय : बिहान ८:०० बजे ।
(**पुनश्च**: सोहि दिन बिहान ७:३० बजे देखि नेपाल मेडिसिटि अस्पताल, काठमाण्डौंका बिशेषज्ञ डाक्टरहरुबाट स्वास्थ्य परिक्षण समेत हुने व्यहोरा अवगत गराईन्छ ।)

सरोजकुमार खनाल
महासचिव
नारायणी यातायात व्यवसायी संघ

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ